# वालविकास केन्द्रको भौतिक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग अन्तर्गत स्नातकोत्तर तह, एम.एड. द्वितीय वर्षको
आंशिक आवश्यकता पूरा गर्नका
लागि प्रस्तुत

शोधपत्र

शोधार्थी
विश्वनाथ ढुंगाना
क्याम्पस रोल नं:- ६५
परीक्षा रोल नं:- २१४००२८/२०६५
त्रि.वि दर्ता.नं:- १७०९६-८६
शैक्षिक वर्ष :-२०६३/०६४

सुकुना बहुमुखी क्याम्पस
कोसीहरैँचा, मोरङ
चैत्र, २०७२

# प्रतिज्ञा पत्र

म यो घोषणा गर्दछु कि **बालविकास केन्द्रको भौतिक व्यवस्थापन** विषयमा अध्ययन गरिएको छ। यस अनुसन्धानलाई पूरा गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नीतिनियमहरूको पालना गरी तयार पारिएको छ। यस अनुसन्धानमा अघिल्ला अध्ययन अनुसन्धानलाई हुबहु नसारी आफ्नो भाषाशैलीमा तयार पारिएको छ। यो अनुसन्धान तयार पार्दासम्म आज भन्दा अगाडि काँहिकतै पेश नगरी आफैँले तयार पारेको छु।


विश्वनाथ ढुङ्गाना

एम. एड्. दोस्रो वर्ष

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीयवर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि 'बालविकास केन्द्रको भौतिक व्यवस्थापन' विषयमा प्रस्तुत शोधपत्र तयार पारिएको हो ।
यो शोधपत्रलाई यस स्वरुपमा ल्याउने क्रममा आफ्नो अमूल्य सुझाव, सहयोग, सल्लाह साथै सोध निर्देशक सुकुना बहुमूखी क्याम्पस इन्द्रपुरका उपप्राध्यापक श्री ऋषिराज धिमाल ज्यू तथा स्नातकोत्तर कार्यक्रमका विभागीय प्रमुख श्री केशवराज भट्टराई ज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोधपत्र तयारी गर्ने क्रममा आवश्यक पर्ने विषयवस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भ सामग्री उपलव्ध गराई सहयोग पुऱ्याउने सुकुना बहुमुखी क्याम्पस परिवारलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यो शोधकार्यका लागि बालविकास केन्द्रको विवरण उपलव्ध गराउनुका साथै महत्वपूर्ण सुझाव तथा सूचना प्रदान गर्नुहुने पथरी स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री सोमनाथ निरौला ज्यू तथा स्थलगत अध्ययनका क्रममा आवश्यक तथ्याङ्क तथा प्रश्नावली भरी सहयोग पुऱ्याउनुहुने विद्यालय तथा बालविकास केन्द्रका व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य ज्यूहरु, विद्यालयका प्रधानाध्यापक ज्यूहरु अभिभावकज्यूहरु तथा सहयोगी कार्यकर्ता ज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै तयार गरिएको पाण्डुलिपिलाई टङ्कण गर्न सहयोग पुऱ्याउनु हुने ज्योति फोटो स्टुडियो उर्लाबारी-६, मंगलबारेका विवेक गुरागाई तथा कमल हुमागाई प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नचाहन्छु । समय र वातावरण मिलाई सहयोग पुऱ्याउनुहुने श्रीमती भगवता ढुंगानालाई समेत धन्यवाद दिन चाहन्छु ।

विश्वनाथ ढुंगाना

# शोधसार

विद्यालय र समुदायमा आधारित भई सञ्चालन भइरहेका **'बालविकास केन्द्रको भौतिक व्यवस्थापन'** शीर्षक राखी गरिएको यस अध्ययनको मुख्य उद्देश्य बालविकास केन्द्रको भौतिक व्यवस्थापनको लेखाजोखा गर्नु रहेको छ ।

यस अध्ययनका लागि सहयोगी कार्यकर्ताहरु, अभिभावकहरु, विद्यालय तथा बालविकास केन्द्रका अध्यक्ष ज्यूहरु तथा प्रधानाध्यापक ज्यूहरुका लागि तयार गरिएको प्रश्नावली मार्फत तथ्याङ्क सङकलन गरिएको छ । साथसाथै शोधपत्र, पुस्तक, विभिन्न प्रतिवेदन, लेखरचना र अभिलेखहरुको अध्ययन गरी सहायक सूचना प्रतिवेदन, लेखरचना र अभिलेखहरुको अध्ययन गरी सहायक सूचनालाई गुणात्मक, परिमाणात्मक एवं वर्णनात्मक विधि अपनाई विश्लेषण गरिएको छ , साथै प्राप्त तथ्याङ्कलाई तालिका र स्तम्भ चित्रमा समेत प्रस्तुत गरिएको छ । शोध अध्ययनमा पथरी स्रोतकेन्द्र अन्तर्गतका पथरी, शनिश्चरे, हसन्दह र बयरवन गा.वि.स.बाट २/२ वटा पर्ने गरी ८ वटा बालविकास केन्द्रलाई समेटिएको छ । जसमध्ये प्रत्येक गा.वि.स. बाट १/१ वटा समुदायमा आधारित र १/१ वटा विद्यालयमा आधारित बालविकास केन्द्रलाई नमूनाको आधार बनाइएको छ । अध्ययनका क्रममा तथ्याङ्क सङ्कलन गर्नका लागि कक्षाकोठा सर्वेक्षण फाराम, प्रश्नावली र अर्न्तवार्ता सूचिलाई प्राथमिक स्रोतको रुपमा र विभिन्न शोधपत्र, प्रतिवेदनहरु, बालविकास केन्द्र सञ्चालन निर्देशिका तथा बालविकास केन्द्रको अभिलेखलाई द्वितीय स्रोतको रुपमा राखिएको छ । शोध अध्ययनका क्रममा स्थलगत अध्ययन गरी प्राप्त नतिजाहरुलाई समेट्ने प्रयास गरिएको छ । परिमाणत्मक तथ्याङ्कहरुलाई तालिका, प्रतिशत र स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ भने गुणात्मक तथ्याङ्कहरुलाई तार्किक व्याख्या, विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

यस अध्ययनबाट बालविकास केन्द्रहरुको भौतिक अवस्था र तिनीहरुको व्यवस्थापन राम्ररी पहिचान गर्न अवसर प्राप्त भएको छ । भवनको संरचनालाई हेर्दा विद्यालयमा आधारित बाल विकास केन्द्र, समुदायमा आधारित बालविकास केन्द्र भन्दा दर्विलो देखिन्छ । तर खेल सामग्री तथा सिकाइ सामग्रीहरुको उपयोग भने समुदायमा आधारित बालविकास केन्द्रमा राम्रो देखिन्छ । बसाइ व्यवस्थापनका लागि केही विद्यालयमा फर्निचरको व्यवस्था गरिएता पनि

विद्यालयमा आधारित भन्दा समुदायमा आधारित बालविकास केन्द्रमा चकटी, गुन्द्री तथा कपडाका डफल्का प्रयोग गरी बसाइ व्यवस्थापनमा बढी ध्यान पुऱ्याइएको देखिन्छ । त्यस्तै घेरावाराको अवस्था, शौचालयको साथै खानेपानीको अवस्था विद्यालयमा आधारित बालविकास केन्द्रमा राम्रो देखिएता पनि बालबालिकाको सिकाइमा सहयोगी कार्यकर्ताको सक्रियता भने समुदायमा आधारित बालविकास केन्द्रमै बढी देखिन्छ । तर पौष्टिकखाना (दिवाखाजा)को व्यवस्था भने २ वटा केन्द्रमा सामान्य रुपमा भएको र अन्यमा दिवाखाजाको व्यवस्था नभएकाले सबै केन्द्रहरुमा यसको लागि सुदृढ र दीर्घकालीन व्यवस्था गर्नु जरुरी छ । बालविकास केन्द्रको रेखदेख तथा चासो समुदायमा आधारित बालविकास केन्द्रको व्यवस्थापन समितिमा बढी रहेको पाइयो विद्यालयमा आधारित बालविकास केन्द्रको रेखदेखमा विद्यालय व्यवस्थापन समितिले त्यति चासो राखेको पाइएन । ती बालकेन्द्रहरुमा प्र.अ. तथा शिक्षकहरुले समेत बालविकास केन्द्रप्रति आवश्यक ध्यान नपुऱ्याएको देखिन्छ ।

समग्र पक्षलाई विश्लेषण गर्दा साधन स्रोत, भौतिक सामग्रीको उपलब्धता र कक्षाकोठाको बाहिरी स्वरुप विद्यालयमा आधारित बालविकास केन्द्रमा राम्रो देखिएता पनि सहयोगी कार्यकर्ताको सकृियता, उपलब्ध खेल तथा सिकाइ सामग्रीहरुको प्रयोगको अवस्था र बालबालिकाहरुको उत्साह तथा सकृियता र उपस्थिति दरमा समुदायमा आधारित बालविकास केन्द्र नै अगाडि रहेको पाइयो । यसबाट बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षमा समेत समुदायमा आधारित बालविकास केन्द्र नै अगाडि रहेको स्पष्ट हुन्छ ।

केन्द्र सञ्चालनको अभिभारा बोकेका सम्बद्ध सङ्घसंस्था, समुदाय तथा विद्यालयहरुले बालविकास केन्द्रको विकासका लागि भवन संरचना देखि कक्षाकोठा व्यवस्थापन, खानेपानीको व्यवस्थापन, शौचालय, पोषण, घेरावार, खेलकुद तथा सिकाइ सामग्रीहरुको उपलब्धता जस्ता विषयमा भएका कमी कमजोरीहरु हटाई सुधार गर्नुपर्ने देखिन्छ । जस्तो समुदायमा आधारित बालविकास केन्द्रहरु भौतिक व्यवस्थापनमा केही कमजोर देखिन्छन् भने विद्यालयमा आधारित बालविकास केन्द्रहरुले सिकाइ तथा बालबालिका आकर्षण गर्ने र यस्ता केन्द्रहरुले बच्चाहरु केन्द्रमा तान्न विद्यालयको व्यवस्थापन समिति तथा शिक्षक प्र.अ. समेतलाई बालकेन्द्रहरुमा सिकाइ कार्य तथा बालबालिकाको खेल खेल्ने अवसरलाई बढावा दिने कार्यमा चासो बढाई सक्रिय गराउन सकेमा र समुदायमा आधारित बालविकास केन्द्रको भवनको संरचना देखि कक्षाकोठा व्यवस्थापन, खानेपानीको राम्रो व्यवस्थापन, शौचालय, घेरावारा र खेलकुद तथा

सिकाइ सामग्रीहरुको उपलब्धता वृद्धि गर्न पर्ने देखिन्छ । साथै सबै सहयोगी कार्यकर्ताहरुलाई पेशागत तथा व्यवस्थापकीय तालिमका तथा उचित पारिश्रमिक समेत नियमित रुपमा उपलब्ध गराउदै कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकेमा अझ बढी श्रेयष्कर हुने भएकोले यसका लागि दातृनिकाय तथा सरोकारवाला पक्ष सबैलाई बालविकास केन्द्रको विकासप्रति चासो बृद्धि गराउनुपर्ने देखिन्छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या

प्रतिज्ञा पत्र

सिफारिस पत्र

स्वीकृतिपत्र

कृतज्ञताज्ञापन

शोधसार

तालिका सूची

संक्षिप्त शब्दको पूरा रुप

## परिच्छेद:एक

## परिचय

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ५
१.३ अध्ययनको औचित्य ६
१.४ अध्ययनको उद्देश्य ७
१.४ अनुसन्धान प्रश्नहरु ८
१.६ अध्ययनको परिसिमा ८
१.७ संक्षिप्त शब्द/शव्दावलीको परिभाषा ९

## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक ढाँचा

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन १०

२.२ सैद्धान्तिक खाका १२
२.३ पुनरावलोकनको उपादेयता १४

## परिच्छेद : तीन
## अध्ययन विधि

३.१ अनुसन्धान ढाँचा १५
३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया १५
  ३.२.१ जनसङ्ख्या १५
  ३.२.२ नमूनाको आकार १६
  ३.२.३ अध्ययनको जनसङ्ख्या तथा नमूना छनौट १६
  ३.२.४ नमूना छनौटको आधार १६
३.३ अनुसन्धानका साधनहरु १६
  ३.३.१ बालविकास केन्द्र सर्वेक्षण फाराम १६
  ३.३.२ प्रश्नावली १७
  ३.३.३ अर्न्तवार्ता निर्देशिका १७
३.४ तथ्याङ्कको स्रोत १७
  ३.४.१ प्राथमिक स्रोत १७
  ३.४.२ द्वितीय स्रोत १७
३.५ तथ्याङ्क सङ्कलन विधि १८
३.६ तथ्याङ्क विश्लेषण विधि १८

## परिच्छेद : चार
## तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ बालविकास केन्द्रहरुको भौतिक अवस्था १९
  ४.१.१ भवनको संरचना २०
  ४.१.२ भवनको झ्याल, ढोका र संवातनको अवस्था २१
  ४.१.३ फर्निचरको अवस्था २२
  ४.१.४ खानेपानीको अवस्था २३
  ४.१.५ शौचालयको अवस्था २५
  ४.१.६ खेलमैदानको अवस्था २७
  ४.१.७ घेरावाराको अवस्था २८
  ४.१.८ पोषणको अवस्था २९
  ४.१.९ खेलकुद तथा सिकाइ सामग्रीको अवस्था ३१
  ४.१.१० भौतिक सामग्रीको रेखदेख र सुरक्षा सम्बन्धी व्यवस्था ३२
  ४.१.११ कक्षा व्यवस्थापनको अवस्था ३४
  ४.१.१२ भौतिक पक्षमा सहयोग गर्ने निकायहरु ३४
४.२ बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापनप्रति सरोकारवालाको चासो ३६
  ४.२.१ भवनको संरचना ३६
  ४.२.२ भवनको झ्याल, ढोका र संवातन व्यवस्थापन ३७
  ४.२.३ बसाइ व्यवस्थापन ३८
  ४.२.४ खानेपानी व्यवस्थापन ३९
  ४.२.५ शौचालय व्यवस्थापन ४०
  ४.२.६ खेलमैदान व्यवस्थापन ४१
  ४.२.७ घेरावारा व्यवस्थापन ४३

४.२.८ पोषण व्यवस्थापन ४४
४.२.९ खेलकुद तथा सिकाइ सामग्री व्यवस्थापन ४५
४.२.१० भौतिक सामग्रीको रेखदेख र सुरक्षाको व्यवस्था ४६
४.२.११ कक्षा व्यवस्थापन ४७
४.२.१२ भौतिक व्यवस्थापनमा सहयोगी निकायहरु ४९
४.३ बालविकास केन्द्रका भौतिक पक्षमा देखिएका समस्याहरु ५०
४.४ समस्याको समाधानका उपायहरु ५३

## परिच्छेद :पाँच
## प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ५७
५.२ निष्कर्ष ५९
५.३ सुझावहरु ६१
५.३.१ नीतिगत तह ६१
५.३.२ अनुसन्धान तह ६२
५.३.३ कार्यान्वयन तह ६२
सन्दर्भ सामग्री

अनुसूचीहरू

# तालिका सूचि


| तालिका नं. | विषयवस्तु | पृष्ठ नं. |
|---|---|---|
| १ | भवन संरचनाको अवस्था | २० |
| २ | भवनको झ्याल, ढोका र संवातनको अवस्था | २१ |
| ३ | फर्निचरको अवस्था | २२ |
| ४ | खानेपानीको अवस्था | २४ |
| ५ | खानेपानीको शुद्धताको अवस्था | २४ |
| ६ | शौचालयको अवस्था | २६ |
| ७ | खेलमैदानको अवस्था | २७ |
| ८ | घेरावाराको अवस्था | २८ |
| ९ | पोषणको व्यवस्था | ३० |
| १० | भौतिक सामग्रीको रेखदेख र सुरक्षा सम्बन्धी व्यवस्था | ३३ |
| ११ | भौतिक पक्षमा सहयोग गर्ने निकायहरु | ३५ |

# संक्षिप्त शब्दको पूरा रुप

| संक्षिप्त शब्द | पूरा रुप |
|---|---|
| बा.वि.के | बालविकास केन्द्र |
| गा.वि.स. | गाउँ विकास समिति |
| न.पा. | नगरपालिका |
| जि.वि.स. | जिल्ला विकास समिति |
| गै.स.स. | गैर सरकारी संस्था |
| स.का. | सहयोगी कार्यकर्ता |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| वा.व्य.स. | वालकेन्द्र व्यवस्थापन समिति |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| प्रा.बा.वि.के | प्रारम्भिक बालविकास केन्द्र |